२०८०।०९।२४

## विज्ञसूची (Roster) तयारीका लागि निवेदन मागसम्बन्धी सूचना

यस केन्द्रबाट आ.व. २०८०/०८१ मा सम्पादन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कार्यसम्पादन परीक्षणलगायतका विभिन्न शैक्षिक अनुसन्धान तथा परीक्षण कार्यलाई गुणस्तरीय, प्रभावकारी एवम् सुव्यवस्थित बनाउन विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८० माघ २ गते रातीको १२ बजे सम्म निम्नानुसारका google form भर्नुहुन तथा तोकिएबमोजिमको कागजात अपलोड गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

### १. कार्यक्षेत्रगत google form को लिङ्क

| कार्यक्षेत्र | लिङ्क |
|---|---|
| (क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) सम्बन्धी कार्यहरु | https://forms.gle/iDtnkPhSLC9mkwAz9 |
| (ख) कार्यसम्पादन परीक्षणसम्बन्धी कार्यहरु | https://shorturl.at/aeL03 |
| (ग) अनुसन्धानमूलक कार्य तथा प्रतिवेदन लेखन कार्यहरु | https://shorturl.at/aeL03 |

### २. सर्तहरु

(क) बुँदा न.१ को (क) मा उल्लिखित कार्यको सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभुत तहका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उतीर्ण र माध्यमिक तहका हकमा न्यूनतम स्नातकोत्तर तह उतीर्ण गरी सो विषयमा कम्तिमा ५ वर्ष शिक्षण अनुभब भएको हुनुपर्ने छ ।

(ख) बुँदा न.१ को (ख) मा उल्लिखित कार्यको सन्दर्भमा देहाएकामध्ये कुनै एक क्षेत्रमा अनुभव भएको हुनुपर्ने छः

- विश्वविद्यालयका शिक्षा विषयका बहालवाला वा सेवानिवृत उपप्राध्यापक वा सोभन्दा माथिल्लो तहमा काम गरेको,
- शिक्षा सेवाका उपसचिव वा सोभन्दा माथिको पदबाट सेवानिवृत भएको,
- मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्रमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यालय शिक्षा सेवातर्फ माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदबाट सेवानिवृत भएको
- शैक्षिक क्षेत्रमा विशेष गरी लेखन, प्रशिक्षण, निरीक्षण, शैक्षिक प्रशासन, व्यववस्थापन, आयोजना/परियोजना मूल्याङ्कन, अध्यापन वा अध्ययन/अनुसन्धानको क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष अनुभव भएको

(ग) बुँदा न.१ को (ग) मा उल्लिखित कार्यको सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न न्यूनतम स्नातकोत्तर तह उतीर्ण गरी शैक्षिक अनुसन्धानमुलक कार्यमा अनुभव भएको हुनुपर्ने छ ।

### ३. आवश्यक कागजात

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
(ग) अनुभव सम्बन्धी कागजातको प्रतिलिपि (घ) स्थायी लेखा नम्वर (PAN) कार्डको प्रतिलिपि

द्रष्टब्यः कार्यालयमा नै भौतिक उपस्थित भई निवेदन दिन चाहनुहुने विज्ञहरुले उल्लिखित कागजातसहित संलग्न ढाँचामा निवेदन पेस गर्न सकिने छ ।

श्रीमान् महानिर्देशकज्यू

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर

विषयः विषय विज्ञमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत बिषयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा देहायबमोजिमका विषयमा विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेस गरेको छु ।

मितिः ..........................

हस्ताक्षरः .........................

निवेदकको नामः ..........................

**<u>तपसिल</u>**

१. व्यक्तिगत विवरण

नामथरः

स्थायी ठेगानाः जिल्ला ........................... न.पा/गा.पा............................................. वडा नं. .....
टोलः ........................ सम्पर्क नं. .............................................. इमेलः ...................................

कार्यरत/अवकाश प्राप्त भएको संस्थाको नामः .................................................. ठेगानाः ...................

२. विज्ञका रुपमा सूचीकृत हुन चाहेको कार्यः .......................................................,

३. विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय र तहः .........................................................,

४. कार्यसँग सम्बन्धित अनुभव बर्षः ..................

५. शैक्षिक योग्यता (विषयविज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधि | अध्ययन गरेको विषय | उतीर्ण बोर्ड | उतीर्ण बर्ष | उतीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर : ............................